# स्वगद्वारी नगरपालिकाको स्थानीय पाठ्यक्रम-२०८१

## आधारभूत शिक्षा कक्षा (१-५)

परीक्षणको लागि

स्वगद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**शिक्षा, युवा तथा खेलकुद शाखा**
लुम्बिनी प्रदेश , स्वगद्वारी प्यूठान

# स्वगद्वारी नगरपालिकाको स्थानीय पाठ्यक्रम

## २०८१

**परीक्षणको लागी**

स्वगद्वारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

प्युठान

सल्लाहकार

श्री टेक प्रसाद भण्डारी - नगर प्रमुख

श्री मिनराज रानामगर - नगर उपप्रमुख

श्री भोज बहादुर भण्डारी - प्रमुख प्रशासकिय अधिकृत

# पाठ्यक्रम निर्माण कार्यदल

श्री - संयोजक

श्री - सदस्य

श्री - सदस्य

श्री - सदस्य

श्री - सदस्य

श्री - सदस्य

श्री - सदस्य

श्री - सदस्य

श्री - सदस्य सचिव

# स्थानीय पाठ्यक्रमका सन्दर्भमा दुइ शब्द

शिक्षा बिकास र समृद्धिको बाहक हो । मर्यादित र परिस्कृत जीवनको आधार समेत हो । समयानुकुल गुणस्तरीय शिक्षाका माध्यमले विश्वप्रतिस्पधी नागरिक Global Competent Citizen तयार पार्नुपर्ने हुन्छ । २१ सदाब्दिको सूचना सञ्चार प्रविधिको दुर्ततर विकासलाइ पछ्याउदै बर्तमान कृत्रिम बौद्धिकता Artificial Intelligence लाइ शिक्षा प्रणालीले सम्वोधन गर्नु एकातर्फ छदैछ अर्कोतिर हाम्रा प्राचिन संस्कार, संस्कृति, समाज, मुल्यमान्यता, पुरातत्विक एवंम् एतिहासिक महत्वका विषयवस्तुलाइ नयाँ पुस्तामा पुस्तान्तरण, संरक्षण र संम्बद्धनको जरुरी समेत महसुस भैरहेको छ । यसै सन्दर्भमा Think Globally Act Locally को मान्यता बमोजिम केन्द्रिय पाठ्यक्रमले सम्बोधन गर्न नसकेका हाम्रा पहिचान मौलिकपन बोकेका विषयवस्तुलाइ समेटेर परीक्षणको रुपमा कक्षा (१–५) मा **हाम्रो स्वगद्धारी** स्थानीय पाठ्यक्रम तयार गर्ने जमर्को गरेका छौ ।

हाम्रो स्वगद्धारी स्थानीय पाठ्यक्रममा देशको परिवर्तित शासकिय सन्दर्भमा स्थानीय सरकारको रुपमा रहेको हाम्रो स्वगद्धारी नगरपालिका र शासकिय प्रणाली हाम्रो गौरब स्वगद्धारी मन्दिर समाज र संस्कृती मानव मुल्य र शिक्षा स्वास्थ्य पोषण सरसफाइ परम्परागत सँगै आधुनीक सूचना प्रविधिको परिचय र उपयोग नगरक्षेत्रका मुख्य आर्थिक क्रियाकलापहरु एतिहासिक एंवम् पर्याटकिय स्थलहरु यातायात र भौतिक पूर्वाधार विपद् व्यवस्थापन तथा जोखिम न्युनीकरण लगायतका सामयिक विषयवस्तुहरुलाइ समेटेर यो पाठ्यक्रम तयार पारिएको छ । स्थानीय प्राकृतिक, सास्कृतिक, आर्थिक तथा श्रम, सीप, पेशा ब्यवसाय, र ब्यवहार कुशल सीप विकास गर्ने गरि स्वगद्धारी नगरपालिकाले आधारभुत तह (कक्षा१-५) को स्थानिय पाठ्यक्रम परीक्षणको रुपमा आगामी शैक्षिक सत्र २०८१ देखि कार्यान्वयनमा लैजाने तयारी गरेको छ ।

अन्तमा पाठ्यक्रमलाइ सान्दर्भिक विषयवस्तुसँग जोडेर कक्षाकोठामा पुर्याउने र कार्यन्वयनमा लैजाने प्रमुख जिम्मेवारी शिक्षकहरुकै रहने भएकोले सबै शिक्षक साथिहरुलाइ यसको मर्मअनुरुप कार्यन्वयनमा लैजान अनुरोध गर्दछु । सरोकारवालाको प्रत्यक्ष सहभागितावाटै निर्माण भएको यो पाठ्यक्रम तयार गर्न खटिनुहुने नगर उपप्रमुख सामाजिक विकास समितिका संयोजक कार्यपालिकाका सदस्यहरु कर्मचारीहरु पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरु लगायत सबैलाइ धन्यवाद ब्यक्त गर्दछु । स्थानीय सरकारको रुपमा स्वगद्धारी नगरपालिका स्थापना पश्चात यो पहिलो प्रयास भएकोले सरोकारवालाको सकारात्मक सुझाव, सहयोग तथा योगदानको लागी सवैमा अपेक्षा एवम् अनुरोध गर्दछु ।

टेक प्रसाद भण्डारी
नगर प्रमुख
स्वगद्धारी नगरपालिका

## बिषय सूची

### खण्ड क

क्र.स. विषयवस्तु

१.परिचय

२.शिक्षाको राष्ट्रिय उदेश्य

३.विद्यालय शिक्षाको तहगत संरचना

४.विद्यालय शिक्षाको पाठ्यक्रम संरचना

### खण्ड ख

### हाम्रो स्वगद्धारी स्थानीय पाठ्यक्रम

१. पृष्ठभूमि

२. परिचय

३. आवश्यकता र औचित्यता

४. तहगत सक्षमता

५. हाम्रो स्वगद्धारी स्थानीय पाठ्यक्रम क्षेत्र र ढाचाँ

६. स्थानिय पाठ्यक्रमको क्षेत्र र क्रमतालिका

७. कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण (कक्षा १- ३)

८. कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण ( कक्षा ४-५)

### खण्ड ग

### शिक्षण सिकाइ विधी विद्यार्थी मुल्याकंन

१. शिक्षण सिकाइ विधि र समय निर्धारण

२. विद्यार्थी मुल्याङ्कन

३. विद्यार्थी मुल्याङ्कनका सामान्य तरीका तथा साधनहरु

४. विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य ब्याख्या

५ . पाठ्यक्रम परीक्षण तथा कार्यान्वयन योजना

### खण्ड घ

१. सन्दर्भ सामग्रीहरु

२. पाठ्यक्रम निर्माण कार्यदल

# स्थानीय पाठ्यक्रमको परिचय

१.सन्दर्भ

शिक्षाको राष्ट्रिय नीति तथा राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्गदर्शन गरेको लक्ष्य, उद्देश्य तथा प्रकृया अनुरुप शिक्षा पद्धतिको संचालनको मुल आधारको रुपमा पाठ्यक्रम रहेको हुन्छ । पाठ्यक्रमलाइ बालबालिकाहरुको सर्वागिण विकास (Wholistic Development )गराउने महत्वपूर्ण र शैक्षिक कार्यक्रमलाइ नेतृत्व पर्दान गर्ने गतिशिल बिस्तृत दस्ताबेज (Living Documents) को रुपमा लिइन्छ । यसका माध्यमवाट शिक्षाका लक्ष्यहरु हासिल हुने गर्दछन । विद्यालयद्वारा बालबालिकाहरुलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृद्धि तथा सम्पुर्ण अनुभवहरु ब्यवस्थित गरिएको हुन्छ । पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पुरा गरेपछि विद्यार्थीहरुले हासिल गर्ने सक्षमता र ति सक्षमतालाई हासिल गर्नका लागी विषयगत रुपमा प्राप्त गर्नु पर्ने सिकाइ उपलब्धि प्राप्तिका लागि मार्गदर्शन गर्दछ ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयन मार्गदर्शन २०७६ अनुसार **"स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।"** गुरुकुल शिक्षा देखि नै स्थानीय पाठ्यसामग्रीमा जोड दिइएको इतिहासमा उल्लेख भएपिन राशिपयो २०२८ कार्यन्वयनसँगै देशैभरी एकै किशिमको पाठ्यक्रमको थालनी भएको पाइन्छ । अपचारिक रूपमा प्राथमिक शिक्षा पाठयक्रम २०४९ ल पहिलो पटक स्थानीय विषय वा मातभाषामध्ये कुनै एक विषय राख्न पाउने नीतिगत प्रावधान राखेसँगै स्थानीय पाठ्यक्रमको विकास हुदै आएको । आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० पाठ्यघण्टाको मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ घण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरिएको छ। पाठ्यक्रममा स्थानीय अंशका रूपमा सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा विषयको २० प्रतिशत पाठ्यभारको पाठ्यक्रम र पाठ्यसामग्री विद्यालय आफैंले निर्माण गर्न सक्ने छन् । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घन्टी, सिर्जनात्मक कलाका लागि १९ घन्टी र शारीरिक शिक्षाका लागि १२ घन्टी निर्धारण गरिएको छ । वि.सं.२०६१ देखि वि. सं. २०६६ सम्म कक्षा १-५ को पाठ्यक्रम परीक्षण गर्ने क्रममा देशका १० जिल्लाका ५० विद्यालयमा स्थानीय पाठ्यक्रम विकास गरिएको पाइन्छ । सघींयतापछि स्थानीय पाठ्यक्रमलाई स्थानिय सरकारले आफ्नो पहिचानको रुपमा विकास गर्दै अभ्यास गरेको पाइन्छ।

## ६. पाठ्यक्रमको क्षेत्र र क्रमतालिका

**कक्षा १-५**

| क्रस | क्षेत्र | कक्षा -१ | कक्षा -२ | कक्षा - ३ | कक्षा - ४ | कक्षा - ५ |
|---|---|---|---|---|---|---|
| १ | **हाम्रो स्वगद्वारी नगरपालिका** | • आफ्नो गाउँ/टोल/बस्ती को जानकारी , वडा नं र नगरपालिकाको सामान्य परिचय | • वडाभित्र रहेका गाउँ/टोल/बस्तीको नाम भन्न र लेख्न<br>• गाउँ/टोल/बस्तीको जनसंख्याको बनाबट र वडाको जनसंख्या<br>• वडाको मुकाम केन्द्र रहेको स्थान बारे जानकारी<br>• वडाको नक्शा हेर्ने सीप विकास | • नगरपालिकाको नक्शा नगरपालिकामा रहेका वडाहरुको वारेमा जानकारी<br>• नगरपालिकाको केन्द्र र क्षेत्रफलको जानकारी<br>• नगरपालिकाको नक्सामा वडाको अवस्थितिको जानकारी | • नगरसँग जोडिएका छिमेकी पालिकाहरुको अवस्थितिको जानकारी<br>• वडा कार्यालय वडाअध्यक्ष वडासदस्य तथा त्यहाँवाट उपलव्ध हुने सेवा सुविधाबारे सामान्य जानकारी - जस्तै जन्मदर्ता | • नगरपालिका प्रमुख उपप्रमुखहरुको चिनारी छनौट प्रक्रिय पदावधि मुख्य कार्य जिम्मेवारीहरु<br>• स्थानीय सरकार (नगर सभा नगर कार्यपालिका र न्यायिक समिति) को बारेमा सामान्य जानकारी<br>• नगरपालिकाका मुख्य मुख्य नीति योजना र कार्यक्रमहरुबारे सामान्य जानकारी |
| **पाठ्यक्रमको विस्तृतिकरण** | | आफ्नो आफ्नो गाउँ/टोल/बस्ती, समाज तथा समाजिक कार्यमा योगदान पुर्याउने सामाजिक अभियान्ताहरु, वडा तथा नगरपालिकाका पदाधिकारीहरुको चिनारी, नगरसभा, नगरकार्यपालिका, न्यायिक तथा विषयगत समितिहरुको गठन यिनको गठन मुख्य मुख्य कार्यहरु, नगरपालिकाको जनसंख्या क्षेत्रफल अवस्थिती लगायत नगरपालिका स्थापना भएपछिका विकास निर्माण र सेवा प्रवाहमा भएका प्रयासहरु । | | | | |

| | | |
|---|---|---|
| **शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी मुल्याकनका तौर तरिका** | • अवलोकन भ्रमण<br>• नक्सा अध्ययन<br>• अडियो भिडियो प्रस्तुतीकरण<br>• नगर, वडाका वृतचित्र (डकुमेन्टी...) अध्ययन<br>• कुराकानी , छलफल | • परियोजना कार्य<br>• अवलोकन<br>• मौखिक प्रश्नोत्तर<br>• कार्यसम्पादन तथा प्रस्तुतिकरण |
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>(नगरको परिचय नक्सा जनप्रतिनिधिहरुको विवरण नगरपालिकाको वेवसाइट स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नगरमा गठन हुने समितिका यहाँवाट सम्पादन हुने मुख्य मुख्य कार्यहरु लगायतका विवरणहरु) | SCAN ME |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | हाम्रो स्वगद्धारी | • स्वगद्धारी मन्दिरको जानकारी<br>• यात्रा संस्मरण आदन प्रदान | • स्वगद्धारी मन्दिरको सामान्य परिचय<br>• भौगोलिक अवस्थिती<br>• रमणिय प्राकृतिक तथा आध्यत्मिक वातवरणको जानकारी | • स्वगद्धारीमा मेला पुजा आजाका विशेष अवसरहरु<br>• महाप्रभु, गुफाको बाटो, माण्डवी स्नान, गुरुकुल शिक्षा ,यज्ञशाला, गौशाला पाकशाला, धर्मशाला लगायतको बारेमा जानकारी | • स्वगद्धारीका दैनिक गतिविधिहरु नित्यपूजा, अभिषेक ,हवनादि<br>• स्वगद्धारी मन्दिर प्रतिको जनविश्वास<br>• एतिहासिक सांस्कृतिक महत्व | • धार्मिक सहिसुष्ता र सद्भाव बारे जानकारी<br>• नगरको चिनारी सँगै राष्टको गौरबको रुपमा स्वगद्धारीको पहिचान र प्रचार प्रशारको विषय<br>• योग र ध्यान<br>• धार्मिक पर्यटक स्थल प्रयर्टन सर्किट विकासका संम्भावना र अवसरको बारेमा जानकारी |

| | | |
|---|---|---|
| **पाठ्यक्रमको विस्तृतिकरण** | स्वगद्धारी मन्दिर (परिचय, अवस्थिति, पैदल मार्ग, पुजाआजाका अवसरहरु, महाप्रभु, गुफाको बाटो, माण्डवी स्नान, गुरुकुल शिक्षा, यज्ञशाला, गौशाला, पाकशाला, धर्मशाला, दैनिक गरिने नित्यपूजा, एतिहासिक तथा सांस्कृतिक महत्व) , धार्मिक सहिसुष्ता र सद्भाव, योग र ध्यान र प्रयर्टन पवर्द्धन । | |
| **शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी मुल्याकनका तौर तरिका** | • अवलोकन भ्रमण<br>• नक्सा अध्ययन<br>• अडियो भिडियो प्रस्तुतीकरण<br>• स्वगद्धारीको वृतचित्र (डकुमेन्टी...)<br>• कुराकानी, छलफल र प्रश्नोत्तर<br>• सहयोगात्मक कक्षा | • परियोजना कार्य<br>• अवलोकन<br>• स्वमुल्यांकन<br>• मौखिक प्रश्नोत्तर<br>• विद्यार्थीको कार्यसञ्चयिका(Portfolio) तयारी र यथासक्य बास्तविक कार्यहरु (Authentic Task)को समावेश गर्ने |
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | QR CODE SCAN सम्वन्धि जानकारी : QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ। )<br>(स्वगद्धारी मन्दिरको परिचय, भिडियो लगायत ,यहाँका दैनिक गतिविधिहरुको जानकारी लगायतका विवरणहरु) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | **हाम्रो समाज र संस्कृति** | • आफ्नो छिमेक/ टोल/ गाउँ /समुदायका जातजाति, रहन सहन, भाषा मेलापर्व जात्राको बारेमा सामान्य जानकारी | • आफ्नो छिमेक/ टोल/ गाउँ /समुदायका जातजाति, रहन सहन, भाषा मेलापर्व जात्राहरुको बारेमा बर्णन<br>• यात्रा संस्मरण र अनुभव आदन प्रदान गर्ने | • अग्रजहरुवाट पैराणिक किम्वदन्ती एतिहासिक तथा सामाजिक महत्वका विषयमा जानकारी लिने<br>• असल समाजिक संस्कारहरुको विकास गर्ने<br>• जन्म मृत्यू विवाह लगायतका संस्कारहरुको बारेमा जानकारी<br>• प्रथा परम्परा र पुरानो चलनका आधारमा समाजमा हुदै आएका गलत परम्परा मान्यता बारे सचेत गराउने जस्तै छुवाछुत | • सामाजिक विकृतीहरु र यसवाट जोगिने उपायहरु<br>• समाज विकास र यसमा सचेत नागरिकको भूमिका पहिचान गर्ने<br>• लोप हुदै गइरहेका पुराना संस्कार कला नृत्य गीत मेला पर्म भतेर सामाजिक सहयोग ..... को जानकारी संरक्षण पुस्तान्तरण | • सामाजिक विविधताको स्विकार र सम्मान गर्ने बानी विकास<br>• सामाजिक सद्भाव र सहिसुण्ता कायम गर्न योगदान पुर्याउने<br>• सामजिक सघं सस्था टोलविकास संस्था आमा समूह युवा कलव लगायतका विभिन्न स्यंमसेवी र परोपकारी संस्थाहरुको कार्यक्षेत्र र योगदानको जानकारी<br>• सांस्कृतीक विचलन र भित्रीदो पश्चिमा संस्कृतीबाट सचेतीकरण गर्ने |

<table>
<tr><td>पाठ्यक्रमको विस्तृतिकरण</td><td colspan="3">सामाजिक विविधता (घरपरिवार, छिमेक⁄ टोल ⁄ गाउँ ⁄समुदायका बसोवास गर्ने जातजाति, रहन सहन, भाषा, मेलापर्व जात्रा , जन्म, मृत्यू, विवाह....) लगायतका समाजिक संस्कार लोप हुदै गइरहेका पुराना (संस्कार, कला, नृत्य, गीत, मेला, पर्म, भतेर......) समाजमा मैलाउदै गएका सामाजिक विकृतीहरु र न्यूनिकरणका उपायहरु (छुवाछुत,विभेद, लागू पदार्थ दुर्व्यासनी, बालविवाह, लैंगिक तथा यौनिक हिंन्सा .....), सामजिक सघं सस्था (टोलविकास संस्था आमा समूह युवा कलव ..........) लगायतका विभिन्न स्यंमसेवी र परोपकारी संस्था, पूर्विय दर्शन र यसका असल पक्षहरुको अनुसरण ।</td></tr>
<tr><td>शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी मुल्याकनका तौर तरिका</td><td>• मेला पर्व लगायतका अवसरहरुको अवलोकन भ्रमण<br>• वृतचित्र (डकुमेन्टी...) अध्ययन<br>• कुराकानी , छलफल र प्रश्नोत्तर<br>• भूमिका निर्वाह<br>• अभिनय<br>• परियोजना कार्यहरु<br>• अन्तरक्रिया</td><td colspan="2">• परियोजना कार्य<br>• अवलोकन<br>• अभिभावकहरुको प्रतिक्रिया<br>• मौखिक प्रश्नोत्तर<br>• व्यवहार परिवर्तन<br>• उपलव्धी परीक्षा (सिकाइका लागि मुल्याङ्कन)</td></tr>
<tr><td>शिक्षकका लागि थप सन्दर्भ सामग्री</td><td colspan="2">QR CODE SCAN सम्वन्धि जानकारी : QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>( नगरको सामाजिक विविधता भःल्किने फोटा भिडियो, विभिन्न दिवश समारोहको सन्देश, सामाजिक विकृती न्यूनिकरणका उपायहरु लगायतका विवरणहरु)</td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | मानव मुल्य र नागरिक सिप | • साथिभाइहरुसँग कक्षाकोठा विद्यालयमा मिलेर बस्ने एकआपसमा सहयोग गर्ने बानी विकास गर्ने<br>• फरक किसिमले सक्षम विद्यालय तथा समुदायमा रहेका व्यक्तिहरुप्रति सहयोग गर्न उनीहरुलाइ प्रथमिकता दिने (Personal Responsibility) बानीको विकास गर्न जस्तै : पानी पिउदा दिवा खाजा कक्षाकोठा भित्र बाहिर गाडि चढ्दा | • परिवार र समुदाय र विद्यालयमा अनुशासन आज्ञपालन र शिष्टचारका वानी व्यवहारको अभ्यास गर्ने<br>• परिवार र समुदायका प्रचलन तथा मान्यताहरुलगायतका अन्य मान्यता र अभ्यासप्रति सकरात्मक रहने (Respect Diversity ) क्षमता विकास गर्ने | • आफ्न विचार मान्यता र अभ्यासहरुलाइ सभ्य र शिष्टरुपमा राख्ने अरुको प्रतिक्रिया ध्यानपूर्वक सुन्ने (सहनशील र खुलापन Tolerance and Openness )<br>• फरक विचार र मान्यतालाइ स्वीकार गर्ने वानी विकास<br>• आफ्नो समुदाय भाषा संस्कृति राष्टिय पहिचानप्रति सजग रहि सम्मान र अपनत्व बोध गर्ने<br>• घरपरिवारलाइ पहिलो पाठशालाको रुपमा विकास गर्न पारिवारिक व्यवहार संस्कार र जीवनशैली अनुकुलन र अभिभावक शिक्षा र सचेतीकरण | • आफ्नो कर्तव्य सामाजिक दायित्व र अधिकार बारे सचेतीकरण<br>• असल नागरिक विकासका लागि व्यवहारिक सीप र कौशलको विकास गर्ने<br>• इमान्दारीता दया समभाव विश्वास सुन्दरता परोपकार निष्पक्षता बौद्धिकता सहयोगीपन लागयतका मानविय मुल्यको विकास र अभ्यास गर्ने | • सार्वजनिक सम्पती र बस्तुहरुको संरक्षण गर्ने बानीको विकास<br>• वातावरण प्रति सचेत र सजग हुदै लोकतन्त्रीक मुल्यहरुलाइ आत्मीकरण र व्यवहारिक अभ्यास गर्ने जस्तै (सहभागीता सहनशिलता खुलापन विविधताको बोध र सम्मान समाज संस्कृती र राष्टप्रेम सामाजिक र नागरिक दायीत्व प्रविधिलाइ व्यवस्थित गर्ने विश्वव्यापी चेतना...)<br>• पूर्विय दर्शनका अनुकरणीय |

| | | |
|---|---|---|
| **पाठ्यक्रमको विस्तृतिकरण** | मुख्य नागरिक सीपहरु सहनशील  र खुलापन,  विविधताको सम्मान र अन्तरसांस्कृतिक बुभाइ, लोकतन्त्रिक सहभागितामूलक र समतामूलक मुल्य ,वातावरणप्रतिको सजगता र सम्मान, सामुदायिक राष्टिय अपनत्व अनुभूति, सामाजिक एवंम् नागरिक जिम्मेवारी, वैयक्तिक जिम्मेवारी, अनुशासन आज्ञपालन, शिष्टचार र सकरात्मक सोच विकास । | |
| **शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी मुल्याकनका तौर तरिका** | • कुराकानी,  छलफल र प्रश्नोत्तर<br>• भूमिका निर्वाह र अभिनय<br>• परियोजना कार्यहरु<br>• अन्तरक्रिया<br>• प्रविधिको उपयोग<br>• प्रदर्शन<br>• समाजका आदर्श व्यक्तिहरुको जीवनी र आमन्त्रित कक्षाहरु प्रेरक भनाइ र कार्यहरुको प्रस्तुतीकरण | • परियोजना कार्य<br>• अवलोकन<br>• साथीहरुद्धारा मुल्यांकन<br>• मौखिक प्रश्नोत्तर<br>• व्यवहार परिवर्तन<br>• उपलव्धी परीक्षा (सिकाइका लागि मुल्याङ्कन) |
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | QR CODE SCAN सम्वन्धि जानकारी : QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>( मुख्य नागरिक सीप, नागरिक कर्तव्य र मानवीय मुल्य लगायतका विवरणहरु) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | स्वस्थ्य पोषण र सरसफाइ | • व्यक्तिगत सरसफाइका कार्यहरु बानी पार्ने जस्तै नङ काट्ने कपाल कोर्ने दात माज्ने .....<br>• हाम्रो घरमा खाने खानेकुराका प्रकारहरुको जानकारी (गेडागुडी अन्न फलफुल माछामासु )<br>• विद्यालय दिवा खाजा (खाने वानी सरसफाइ | • शरिरको सरसफाइ लुगा कपडाको सरसफाई नियमित गरिने सरसफाईको बानीको विकास<br>• हाम्रो नगरका स्वास्थ्य संस्थाहरु<br>• हाम्रो गाउँघरमा पाइने पोषिला खानेकुराहरुः अन्नबाली तरकारी गेडागुडी फलफुल दुध अण्डा माछा मासु<br>• जंकफुड र यसको असरका बारेमा जानकारी | • स्वस्थ्य रहने तरिकाहरु<br>• रोग (सर्ने प्रकारका महामारी निम्त्याउने किसिमका )<br>• खोपको आवश्यकता र महत्व<br>• हाम्रो नगरको मुख्य स्वास्थ्य संस्थाहरु र गरिने उपचारहरु<br>• सफा ताजा संतुलित भोजन गर्ने बानी<br>• स्वस्थ्यकर परीकार वनाउने तरीकाहरुको ज्ञान<br>• हरेक वार खाना चारको वारेमा जानकारी | • स्वास्थ्यको लागी सरसफाइ ब्याम विश्राम र खानपान<br>• मद्ध्यपान धुम्रपानको असर र यसवाट बच्ने उपाय सँगै घरपरिवार सचेतीकरण<br>• हाम्रो विद्यालयमा खाइने खाजाको परिकार<br>• सार्वजनिक स्थलको सरसफाइ डष्टविन उपयोग र फोहोरमैला व्यवस्थापन सम्वन्धी आधारभूत ज्ञान | • वातवरणिय पर्दुशण र मौसम परिवर्तन<br>• नसर्ने प्रकारका रोग र यसवाट बच्ने सामान्य उपायहरु<br>• परम्परागत उपचार पद्धति ( झारफुक जडीवुटी ....) सँगै स्वास्थ्य परिक्षण र आधुनीक चिकित्सापद्धती बारेमा जानकारी<br>• कुपोषण र यसवाट वच्ने उपायहरु<br>• जंकफुड / मिसावट/ रंग/ अस्वस्थ खाजा र यसले मानव स्वास्थ्यमा पार्नसक्ने असरका बारेमा जानकारी<br>• विद्यार्थीहरुको स्वास्थ्य अवस्था परिक्षण र परामर्श (विएमआइ श्रवण दृश्य क्षमता होमोग्लोविन.....) |

| | | | |
|---|---|---|---|
| **पाठ्यक्रमको विस्तृतिकरण** | व्यक्तिगत तथा सामाजिक सरसफाइ, स्वस्थ्कर दिवाखाजा, स्थानीय उत्पादन उपभोग, रोग, खोप, सन्तुलित भोजन ,सुनौला हजार दिन, कुपोषण, जंकफुड र यसले मानव स्वास्थ्यमा पार्ने असर, परम्परागत र आधुनिक चिकित्सा पद्धति, विद्यार्थी स्वास्थ्य तथा परामर्श। | | |
| **शिक्षण सिकाइ क्रियाकलाप मुल्याकनका तौर तरिका** | • अवलोकन र व्यवहार परिवर्तन<br>• अडियो भिडियो प्रस्तुतीकरण<br>• स्वास्थ्य, पोषण र सरसफाइ सम्वन्धि पोष्टरहरु, वृतचित्र (डकुमेन्टी...) अध्ययन<br>• अग्रजहरुसँगको कुराकानी, छलफलमा आधारित परियोजना कार्य<br>• सचेतनामुलक दिवसहरुमा सहभागितामा आधारित कार्यहरु | • स्वमुल्यांकन<br>• अभिभावकहरुसँगको प्रतिक्रिया<br>• परियोजना कार्य<br>• अवलोकन र व्यवहार परिवर्तन<br>• मौखिक प्रश्नोत्तर<br>• उपलव्धी परीक्षा (सिकाइका लागि मुल्याङ्कन) | |
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | QR CODE SCAN सम्वन्धि जानकारी : QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>(खोपतालिका, सन्तुलित भोजन ,सुनौला हजार दिन, कुपोषणको जानकारी दिवा खाजा म्यानुअल लगायतका मुख्य मुख्य विवरणहरु) | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | परम्परागत स्थानीय सीप कला तथा आधुनिक प्रविधि | • स्थानीय परम्परागत सीपहरुवाट निर्माण गरिएका बस्तुहरु चिन्न जस्तै : सुपो डोको डालो नाम्लो मकैको कुँडुलो धन्सार मलखादो ...<br>• स्थानीय परम्परागत प्रविधिहरुको पहिचान जस्तै : ढिकि जाँतो कोल घट्ट<br>• हाम्रा स्थानीय स्तरमा उत्पादन हुने अन्न तथा नगदे वालीहरु चिन्न<br>• आजकल घरमा प्रयोग हुने विद्युतीय सामग्रीहरु जस्तै : हिटर पंखा राइस | • परम्परागत सीपवाट घर तथा समुदायमा निर्माण भएका सामग्रीहरुको उपयोगिता बारे जानकारी<br>• स्थानीय परम्परागत प्रविधिहरु (हलोजुवा खोक डल्लेठो कुटो कोदालो ढिकी जाँतो पानीघट्ट ...) को उपयोगिता बारे जानकारी<br>  • हाम्रा स्थानीय स्तरमा उत्पादन हुने अन्न तथा नगदे वालीहरुको उपयोगिता बारे जानकारी<br>• घरमा प्रयोग हुने विद्युतीय सामग्री उपयोगिता र सावधानी बारे जानकारी | • स्थानीय सीपवाट निर्माण भएका वस्तुहरुको कच्चा पदार्थबारे जानकारी र त्यस्ता बस्तुहरुको संरक्षण गर्न<br>• स्थानीय परम्परागत प्रविधिहरुको संरक्षण र सम्वर्द्धन<br>• रैथाने बाली र मौलिक खाद्य परिकारहरुको संरक्षण र उपयोग<br>• हाम्रो घरमा प्रयोग गरिने सूचना प्रविधिको सामाग्रीहरु (चिठीपत्र मोवाइल,टिभि Computer , Email, Internet Social Media को उपयोग बारे जानकारी | • परम्परागत स्थानीय सीपको संरक्षण प्रर्वदन प्रोत्साहन र बजारीकरणका उपायहरुको खोजी<br>• पर्यावणमैत्री स्थानीय प्रविधिहरुको उपयोगको बारे सचेतिकरण<br>  • हाम्रा पुरख्यौली परम्परागत पेशा व्यवसायहरुको बारेमा जानकारी जस्तै : कृषि पशुपालन व्यापार लघु उद्योग ......<br>  • सूचना प्रविधिले ल्याएका सकरात्मक पाटा र भित्रीएका विकृतीहरु बारे सचेतीकरण | • परम्परागत स्थानीय सीपको संरक्षणका साथै आधुनिक प्रविधिसँगै जोड्ने उपायहरुको खोजी<br>• स्थानीय परम्परागत प्रविधिहरुलाइ आधुनीक प्रविधिसँग जोडी उत्पादन र प्रतिफललाइ अभिवृद्धि बारे जानकारी<br>  • हाम्रा पुरख्यौली परम्परागत पेशा व्यवसायहरुलाइ व्यवसायीक र आधुनिकिकरण गर्दै आर्थिक रुपमा सवलीकरण तुल्याउने<br>  • सूचना तथा सञ्चार प्रविधिको उपयोग जस्तै : Email, Social Media , Website हेर्ने |

| | | |
|---|---|---|
| **पाठ्यक्रमको विस्तृतिकरण** | स्थानीय परम्परागत सीपहरुवाट निर्माण गरिएका बस्तुहरु जस्तै : सुपो, डोको, डालो, नाम्लो, मकैको कुँडुलो, धन्सार, मलखादो परम्परागत प्रविधि ढिकि, जाँतो, कोल, घट्ट घरमा प्रयोग हुने विद्युतीय सामग्रीहरु देखि आधुनिक सूचना प्रविधी (मोवाइल,टिभि Computer , Email, Internet Social Media) बारे समेत जानकारी | |
| **शिक्षण सिकाइ क्रियाकलाप मुल्याकनका तौर तरिका** | • अवलोकन भ्रमण<br>• अडियो भिडियो प्रस्तुतीकरण<br>• परम्परागत देखि आधुनिक प्रविधिसम्मका साधनहरुको वृतचित्र (डकुमेन्टी...) अध्ययन<br>• अग्रजहरुसँगको अनुभव जीवनशैलीमा आधारित कुराकानी, छलफल, प्रश्नोत्तर<br>• आधुनिक सूचना प्रविधिहरुको वेभवेसड उपयोग<br>• काल्पनिक शक्ति विकास, लेखाइ र पर्दशन | • स्वमुल्याकन<br>• परियोजना कार्य<br>• अवलोकन<br>• मौखिक प्रश्नोत्तर<br>• उपलव्धी परीक्षा (सिकाइका लागि मुल्याङ्कन) |
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | QR CODE SCAN सम्वन्धि जानकारी : QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>स्थानीय परम्परागत सीपहरुवाट निर्माण गरिएका बस्तु तथा परम्परागत प्रविधिहरुका फोटा डकुमेन्टी, आधुनिक प्रविधि र यसले निम्त्याएका चुनौति लगायतका विषयहरु) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | हाम्रा आर्थिक कृयाकलापहरु | • हाम्रो गाउँघरमा उत्पादन हुने वस्तुहरु जस्तै : तरकारी अन्न दुध फलफुलका बारेमा जानकारी | • घरपरिवारको मुख्य पेशा जस्तै कृर्षि पशुपालन व्यापार नोकरी साना उद्योगहरुका बारेमा जानकारी | • स्थानीय बजार हाटवजार र अन्य व्यापारिक केन्द्रको बारेमा जानकारी<br>• हाम्रो अग्रजहरुको मुख्य आर्थिक गतिविधि र त्यो वेलाको बस्तु विनिमय र बजारको बारेमा जानकारी | • परिवारको आम्दानी र खर्च परिवारिक बजेट बारेमा जानकारी<br>• वचत र यसको महत्वका बारेमा जानकारी<br>• खुत्रुके बालवचत वचत रिण समूह सहकारी वित्तिय संस्था तथा बैंकहरुको बारेमा ज्ञान | • हाम्रो नगरपालिकामा रहेका सहकारी वित्तिय संस्थाहरु र बैङ् तथा तिनले प्रदान गर्ने सेवाको बारेका जानकारी<br>• परम्परागत आर्थिक कृयाकलाप र आधुनीक आर्थिक कृयाकलापको तुलना<br>• पूर्वाधार विकास सञ्चार प्रविधि बैदेशिक रोजगार प्राविधिक शिक्षा लगायतका पक्षहरुको विकासले आर्थिक विकासमा पुर्याएको टेवा बारेमा ज्ञान<br>• नगरपालिकाद्धारा आर्थिक विकास र समृद्धिका लागि चालिएका मुख्य योजना तथा कार्यक्रमहरु |
| **पाठ्यक्रमको विस्तृतिकरण** | | स्थानीय उत्पादन, पेशा व्यावसाय ,आर्थीक कारोवारका व्यापारिक केन्द्रहरु, पारीवारिक बजेट, बचतका उपकरणहरु र वित्तिय साक्षरता, सहकारी वित्तिय संस्थाहरु र बैङ् ,आर्थिक विकास र समृद्धिका लागि चालिएका मुख्य योजनाहरु । | | | | |

| | | | |
|---|---|---|---|
| **शिक्षण सिकाइ क्रियाकलाप मुल्याकनका तौर तरिका** | • अवलोकन भ्रमण<br>• ब्रोसर, बुलेटिन र सेवा वडापत्रहरुको अध्ययन<br>• अडियो भिडियो प्रस्तुतीकरण<br>• सफलताका कथाहरुको प्रस्तुतिकरण , वृतचित्र (डकुमेन्टी...) अध्ययन<br>• कुराकानी, छलफल र सामुहिक अभ्यास | • परियोजना कार्य<br>• अवलोकन<br>• मौखिक प्रश्नोत्तर<br>• अभिभावकको प्रतिक्रिया<br>• उपलव्धी परीक्षा (सिकाइका लागि मुल्याङ्कन) | |
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | QR CODE SCAN सम्वन्धि जानकारी : QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>नगरपालिकाका स्थानीय उत्पादन पेशा, व्यावसायको जानकारी, मुख्य आर्थीक व्यापारिक केन्द्रहरुको परिचय , नगरमा अवस्थित वित्तिय संस्थाहरु र नगरका आर्थिक विकास र समृद्धिका लागि चालिएका मुख्य योजनाहरु लगायतका विवरणहरु) | | |

<table>
<tr><td>८</td><td>यातायात तथा भौतिक पूर्वाधार</td><td>• हाम्रो गाउँ/सहरलाई जोड्ने स्थानीय सडक सञ्जाल तथा त्यहाँ सञ्चालन भैरहेका यातायातका साधनहरुको बारेका जानकारी</td><td>• नगरक्षेत्रका मुख्य मुख्य सडकहरु पुलपुलेसा खानेपानी सिचाइ आयोजना सार्वजनिक भवन खेलमैदानहरु र अन्य नगर गैरबका आयोजनाहरुको अवस्थिती बारे जानकारी</td><td>• सार्वजनिक संरचना र पूर्वाधारको उपयोग सुरक्षा र संरक्षण बारे जानकारी जस्तै सार्वजनिक शौचालय खेलमैदान सडक<br>• हाम्रो नगरबाट टाढाको दुरीमा चल्ने सवारी साधनहरु</td><td>• ट्राफिक चिन्हरु<br>• विद्युतिय सवारी साधनहरुको उपयोग<br>• हाम्रो भौतिक पूर्वाधार तथा यातायातले पुर्याएको आर्थिक सामाजिक लाभको बारेमा जानकारी</td><td>• ट्राफिक नियम र यसको पालना<br>• सबारी अनुशासन जस्तै ( बालवालिकाहरुको गलत प्रयोग देखि सवारी चढदा आरक्षण सिट ज्येष्ठ नागरिक अपांगहरुलाइ प्रथमिकता दिने लगायतका विषयहरु<br>• दीगो विकास र पर्यवरणमैत्री विकासको अवधारणाको सामान्य जानकारी</td></tr>
<tr><td colspan="2">पाठ्यक्रमको विस्तृतिकरण</td><td colspan="5">स्थानीय सडक सञ्जाल, यातायातका साधनहरु, मुख्य भौतिक पूर्वाधार र विकास आयोजनाहरु, सार्वजनिक संरचना र पूर्वाधारको उपयोग सुरक्षा मा नागरिका दायित्व, ट्राफिक नियम, विद्युतिय सवारी साधनहरु, सबारी अनुशासन, दीगो विकास र पर्यवरणमैत्री विकास।</td></tr>
<tr><td colspan="2">शिक्षण सिकाइ क्रियाकलाप मुल्याकनका तौर तरिका</td><td colspan="3">• अवलोकन भ्रमण<br>• नक्सा अध्ययन<br>• अडियो भिडियो प्रस्तुतीकरण<br>• नगर, वडाका पुर्वाधार सहितको वृतचित्र (डकुमेन्टी...) अध्ययन<br>• कुराकानी, छलफल<br>• ट्राफिक नियमको व्यवहारिक अभ्यास र कक्षासमेत</td><td colspan="2">• परियोजना कार्य<br>• अवलोकन<br>• मौखिक प्रश्नोत्तर<br>• उपलव्धी परीक्षा (सिकाइका लागि मुल्याङ्कन)</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | | QR CODE SCAN सम्वन्धि जानकारी : QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>नगरका मुख्य मुख्य सडक सञ्जाल, सार्वजनिक संरचना र पूर्वाधारको फोटा डकुमेन्टी, ट्राफिक नियमका पोष्टरहरु लगायतका विवरणहरु) | | | | • |
| ९ | हाम्रा एतिहासिक सांस्कृतिक तथा पर्यटकिय सम्पदाहरु | • हाम्रो वरपरको वन जंगल/पहाड/खोलानाला/ मठमन्दिर/ कलासंस्कृतीका बारेमा सामान्य जानकारी अवलोकन भ्रमण | • नगरपालिकामा रहेका एतिहासिक सांस्कृतीक तथा पर्यटकिय स्थलहरुको जानकारी जस्तै : स्वगद्वारी ……. | • प्राकृतिक एतिहासिक तथा सांस्कृतीक सम्पदाको भौगोलिक अवस्थिति त्यस्को महत्ववोध<br>• प्राकृतिक एतिहासिक सम्पदा | • प्राकृतिक एतिहासिक सम्पदाहरुको संरक्षण तथा जर्गेना गर्ने उपायहरुका बारेमा जानकारी<br>• प्राकृतिक एतिहासिक तथा सांस्कृतीक सम्पदाले आर्थीक सामाजिक क्षेत्रमा पुर्याएको योगदानको जानकारी | • प्यूठन जिल्ला तथा आसपासमा भएका महत्वपूर्ण एतिहासिक सांस्कृतिक तथा पर्यटकिय सम्पदाहरुको जानकारी<br>• मौलिक कला संस्कृतीको महत्ववोध र संरक्षण तथा अवलम्वन जस्तै : नृत्य गीत ……………<br>• पर्यटकिय स्थलहरुको संरक्षण विकास प्रशार प्रचार र प्रर्यटन सर्किटको संम्भावना बारेमा जानकारी |
| **पाठ्यक्रमको विस्तृतिकरण** | | हाम्रो पर्यावरण र पर्यावरणीय सन्तुलन, एतिहासिक सांस्कृतिक सम्पदा र यिनको संरक्षण सम्वद्धर्न, नगर जिल्ला तथा प्रदेशस्तरका महत्वपूर्ण एतिहासिक सांस्कृतिक तथा पर्यटकिय सम्पदाहरु, पर्यटन विकास र मौलिक पहिचान, कला संस्कृती संरक्षण । | | | | |

| | | |
|---|---|---|
| **शिक्षण सिकाइ क्रियाकलाप मुल्याकनका तौर तरिका** | • अवलोकन भ्रमण<br>• नक्सा अध्ययन<br>• अडियो भिडियो प्रस्तुतीकरण<br>• नगर, वडाका वृतचित्र (डकुमेन्टी...) अध्ययन<br>• अग्रजहरुसँगको कुराकानी, छलफलमा आधारित परियोजना कार्य | • परियोजना कार्य<br>• अवलोकन<br>• मौखिक प्रश्नोत्तर<br>• कार्यसम्पादन र पर्दशन<br>• उपलव्धी परीक्षा (सिकाइका लागि मुल्याङ्कन) |
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>पर्यावरण र पर्यावरणीय सन्तुलनको परिचय, नगरका एतिहासिक सांस्कृतिक सम्पदाहरुको, मौलिक पहिचान, कला संस्कृती झल्किने फोटा भिडियो लगायतका विवरणहरु) | • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | हाम्रा शिक्षालयहरु | • आफुले अध्ययन गर्ने विद्यालयको बारेमा जानकारी | • वडाका छिमेकी विद्यालय अगुवा उच्च तहको विद्यालयहरुको बारेमा जानकारी | • पालिकाभित्र सञ्चालित विद्यालयहरु विद्यालयमा पालना गर्नुपर्ने कर्तव्य अचार संहिता र अनुशासनका बारेमा जानकार | • विद्यालय व्यवस्थापन समिति अभिभावक सघं प्रधानाध्यापक अन्य जिम्मेवारी वाडँफाड मनिटर हाउस डिभीजन बालकलव स्काउट युवा रेडक्रश लगायतका विद्यालयमा गठन हुने समितिहरुको बारेमा जानकारी र अभ्यास<br>• नगरक्षेत्रका उच्च शैक्षिक संस्था कलेजहरु प्रविधिक शिक्षालयको अवस्थिति र सञ्चालित कार्यक्रम ( विषय, परीक्षा ...) बारेमा जानकारी | • विद्यालयमा पुस्तकालय शौचालय तथा खेल मैदान खाजा खाने स्थलको प्रयोग  गर्ने सीपबारे जानकारी र अभ्यास<br>• वडा तथा नगरका पुस्तकालय संग्रहालय सामुदायिक सिकाई केन्द्रहरुको बारेमा जानकारी<br>• शिक्षालयमा स्वास्थ्य केन्द्र विभिन्न गैरसरकारी सघंसस्थाहरुले पुराउने योगदान सहकार्यका बारेमा जानकारी<br>• विद्यालयको विकासका लागि समुदाय र अभिभावकको सलंग्नता र सहकार्य अभिवृद्धिका क्रियाकलापहरुको अभ्यास<br>• वडा तथा नगरपालिकावाट सञ्चालन हुने शिक्षा युवा तथा खेलकुदसम्वन्धी कार्यक्रमहरुको बारेमा जानकारी तथा अवलोकन अभ्यास |

| | | |
|---|---|---|
| **पाठ्यक्रमको विस्तृतिकरण** | आफू अध्ययनरत विद्यालय तथा अन्य छिमेकी विद्यालयहरु, नगरका अन्य उच्च शैक्षिक संस्था तथा प्राविधिक शिक्षालयहरु, पुस्तकालय सामुदायिक सिकाइ केन्द्र, विद्यालय सञ्चालन व्यवस्थापनको प्रवन्ध, विद्यालय तथा विद्यालयवाहिर विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता, विद्यालयको विकासका लागि समुदाय र अभिभावकको सलंग्नता र सहकार्य, स्थानिय तहको शिक्षाको क्षेत्राधिकार र कार्यहरु । | |
| **शिक्षण सिकाइ क्रियाकलाप मुल्याकनका तौर तरिका** | • अवलोकन भ्रमण<br>• अडियो भिडियो प्रस्तुतीकरण<br>• शिक्षण संस्थाका बुलेटिन, ब्रोसर, विज्ञापन र वृतचित्र (डकुमेन्टी...) अध्ययन<br>• कुराकानी, छलफल र प्रश्नोत्तर<br>• पदर्शन र आमन्त्रित कक्षाहरु | • परियोजना कार्य<br>• अवलोकन<br>• मौखिक प्रश्नोत्तर<br>• कार्यसम्पादन र पर्दशन<br>• उपलव्धी परीक्षा (सिकाइका लागि मुल्याङ्कन) |
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरु र सञ्चालित कार्यक्रमको जानकारी, विद्यार्थीहरुका आचारसंहिता , विद्यालयको विकासमा समुदाय परिचालनका क्षेत्रहरु, वडा तथा नगरपालिकाको शिक्षासम्वन्धी मुख्य मुख्य कार्यहरु लगायतका विवरणहरु) | • |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन | • चोटपटक, दुर्घटना र समुदायमा घटेका विपद्सम्वद्ध घटनाहरुको सामान्य जानकारी र अध्ययन भ्रमण | • चोटपटक र दुर्घटना<br>• घर समुदाय तथा विद्यालयमा घटन सकने संम्भावित विपद्जन्य घटनाहरु बारे जानकारी जस्तै : हावाहुरी चट्याड, पहिरो, अगलागी, सडक दुर्घटना, भुकम्प लगायत | • चोटपटक र दुर्घटनावाट बच्ने उपायहरु<br>• घर समुदाय तथा विद्यालयमा घटन सकने संम्भावित विपद्जन्य घटनाहरुवाट पुग्ने मानविय र गैरमानवीय क्षतिका बारेमा जानकारी जस्तै : हावाहुरी, असिनापानी, चट्याड ,पहिरो, करेन्ट लाग्नु , अगलागी, सडक दुर्घटना , भुकम्प, कोभिड लगायत<br>• विगतमा घटेका मुख्य मुख्य विपद्जन्य घटना तथा तीनवाट पुगेको क्षतिका बारेमा घटना अध्ययन जानकारी | • घर समुदाय तथा विद्यालयमा घटन सकने संम्भावित विपद्जन्य घटनाहरु वाट जोगिने पूर्वसावधानी र विपद् जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन जस्तै : हावाहुरी, चट्याड, करेन्ट लाग्नु, पहिरो, अगलागी, सडक दुर्घटना, भुकम्प लगायत<br>• विपद्को बेला अपनाउनुपर्ने सावधानीका बारेमा डिल सिमुलेसन नमूना अभ्यासहरु जस्तै विद्युट सट आगलागी चट्याड भूकम्प | • विपद्का घटना आइपरेमा तत्काल गर्ने क्रियाकलापका बारेमा जानकारी अभ्यास जस्तै नजिकको समुदाय प्रहरीमा वडा पालिकामा खवर गर्ने एम्वुलेन्स स्वास्थ्य संस्था खवर गर्ने प्रहरी रेडक्रश एम्वुलेन्स हटलाइनको जानकारी<br>• विपद् र यसका कारण तथा असरवारे घरपरिवार समुदायमा समेत विद्यार्थीहरुवाट सचेतीकरण जस्तै भाडापखला लगायतका सरुवा रोगका महामारी खानेपानी शुद्ध्दिकरण शौचालयको प्रयोग<br>• विपद्का बेलामा सहयोग समन्वयका लागी विद्यार्थी परिचालन अभ्यास जस्तै स्काउट जुनियर रेडक्रश बालकल्व<br>• विपद जोखिम न्युनिकरण तथा ब्यवस्थापनमा समुदाय र वडा र नगरपालिकाको भुमिका |

| | | |
|---|---|---|
| **पाठ्यक्रमको विस्तृतिकरण** | चोटपटक, दुर्घटना देखी विपद्जन्य घटनाहरु बारे जानकारी (जस्तै : हावाहुरी, असिनापानी, चट्याड, पहिरो, अगलागी, सडक दुर्घटना,भुकम्प ,कोभिड .....) विपद्जन्य घटनाहरुवाट पुग्ने मानविय र गैरमानवीय क्षति, विपद्पूर्व अपनाउनुपर्ने सावधानीका, विपद्का बेलामा सहयोग समन्वय, विपद जोखिम न्युनिकरण तथा ब्यवस्थापनमा विभिन्न सामुदायिक, सरकारी, गैरसरकारी सघं संस्थाहरुको भूमिका र सहयोग, आपतकालमा शिक्षा (Education in Emergency ) I | |
| **शिक्षण सिकाइ क्रियाकलाप मुल्याकनका तौर तरिका** | • विपद्जन्य घटनाहरुको अवलोकन भ्रमण<br>• घटना अध्ययन र संस्मरण<br>• विपद्जन्य घटनाहरुका अडियो भिडियो, पोष्टर, वृतचित्र (डकुमेन्टी...) अध्ययन<br>• कुराकानी, छलफल र प्रश्नोत्तर<br>• प्रयोगात्मक अभ्यास अभिनय, डिल, सिमुलेसनहरु | • परियोजना कार्य<br>• अवलोकन<br>• मौखिक प्रश्नोत्तर<br>• व्यवहार परिवर्तन<br>• उपलव्धी परीक्षा (सिकाइका लागि मुल्याङ्कन) |
| **शिक्षकका लागि थप सन्दर्भ सामग्री** | QR CODE SCAN सम्वन्धि जानकारी : दायाँपट्टीको क्यूआर कोडलाइ इन्टरनेट मोवाइलमा कनेक्ट गरी स्कान गर्नुहोस । त्यसपछि प्राप्त जानकारीलाइ आवश्यकताअनुसार शिक्षण सिकाइमा सन्दर्भ सामग्रीको रुपमा उपयोग गर्नुहोस ।<br>(यस क्यूआर कोड स्कान गर्दा तपाइले निम्न विवरणहरु सजिलै प्राप्त गर्न सक्नुहुनेछ।)<br>चोटपटक, दुर्घटना देखी विपद्जन्य घटनाहरुको जानकारी, स्थानीय स्तरमा घटेका विपद्जन्य घटनाहरुको फोटा भिडियो, विपद्जोखिम नंकसांकन र सावधानीका मुख्य मुख्य उपायहरु लगायतका विवरणहरु) | |

## १०. शिक्षण सिकाइ विधि तथा समय निर्धारण

एक शैक्षिक सत्रमा कक्षा १-३ मा ५ पाठ्यघण्टा ( Credit Hour) बार्षिक १६० कार्यघण्टा र कक्षा कक्षा ४-५ मा ४ पाठ्यघण्टा ( Credit Hour) बार्षिक १२८ कार्यघण्टा शिक्षण सिकाइ सहजिकरण गर्नु पर्ने छ । कक्षा यस मध्ये सैधान्तिक विषयको लागी ५० प्रतिशत कार्यघण्टा र प्रयोगात्मक तथा परियोजना कार्यको लागी ५० कार्यघण्टा शिक्षण सिकाइ सहजीकरण गर्नुपर्नेछ । स्थानीय विषय शिक्षणको माध्यम नेपाली भाषा नै हुने छ ।

सिकाइ सहजीकरण प्रकृयमा प्रस्तुत पाठ्यक्रम शिक्षण तथा सहजीकरणका लागी विद्यार्थी केन्द्रित प्रयोगात्मक र बालमैत्री शिक्षण पद्धतिलाइ पूर्णरुपमा लागु गर्नु पर्ने छ । सवै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (फरक शारिरीक क्षमता भएका असाहय, अशक्त, सिकाइ क्षमताका दृष्टिकोणले कमजोर, छात्रा, दलित, जनजाति आदि ) विद्यार्थीहरुलाइ समेट्ने गरि कक्षामा समावेशी शिक्षण पद्धतिको अवलम्बन गर्नुपर्नेछ ।विद्यार्थीहरुलाई परियोजना कार्य क्षेत्र भ्रमण सम्पदाको प्रत्यक्ष अवलोकन गराइ प्रतिवेदन प्रस्तुतिकरण र अभिलेखिकरण गर्न लगाउनु पर्नेछ । यसका लागी शिक्षकले आवश्यकतानुसार उत्प्रेरक, प्रवर्धक, सहजकर्ता र खोजकर्ता अनुसन्धानकर्ता लगाएतको भुमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

पाठ्क्रम सिकाइ सहजिकरण प्रकृया संचालन गर्दा सूचना तथा संचार प्रविधि (डिजिटल प्रविधि)को उच्चतम प्रयोग तथा उपयोग गर्नुपर्ने हुन्छ । शिक्षण सिकाइ सहजिकरण प्रकृयामा शिक्षक भन्दा विद्यार्थी वढी सक्रिय हुने गरी गरेर सिक्ने अवसर (learning by doing ) प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्छ । स्थानीय समुदायको अध्ययन, घटना अध्ययन, समुदायका व्यक्तीहरुवाट सहजिकरण लगायतका क्रियाकलापहरु समेत आवश्यकतानुसार गराउन सकिनेछ ।

## ११. सिकाई सहजीकरण विधि तथा प्रकृया

अपेक्षित सक्षमता र सिकाई उपलब्धि प्राप्तिका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक विद्यार्थी र विषयवस्तुबिच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रकृया सिकाई सहजिकरण हो । यो एक प्रकारको शिक्षण कला हो । यसमा सिकाई र बालमनोविज्ञानका निश्चित विधि तथा प्रकृया पनि अनुसरण गरिने भएकोले यो एक विज्ञान तथा सिद्धान्त पनि हो । सिकाई सहजिकरण प्रकृया विद्यार्थी केन्द्रित सान्दर्भिक र सिकाईका निम्ति (learning and for learning ) सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाई उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनु पर्दछ । सहजिकरण प्रकृया विद्यार्थीलाई उत्प्रेरित गर्ने , सकृय वनाउने, रुचि जगाउने प्रकारको हुनुपर्दछ । यस प्रकृयामा विद्यार्थी सकृय भई सिकाई क्रियाकलापमा संग्लन हुने र आवश्यकता अनुसार अग्रपृष्ठपोषण (feedback & feedforward ) प्राप्तगरी सिकाईमा सुधार गर्न सक्ने अवसरपनि हुनु पर्छ । यो प्रकृया सिकारु र सिकाईका विविधतालाई सम्मान गर्ने र सवैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनु पर्छ ।

एउटै प्रकारको सिकाई सहजिकरण विधि सधै र सवैतिर उपयुक्त हुननसक्ने भएकाले एउटै विषयबस्तु सिकाईका लागी पनि विविध विधि अपनाउन सकिन्छ ।त्यसैले शिक्षण विधि छनौट गर्दा सकभर विविधता कायम गर्नु पर्छ ।सिकाई सहजिकरणको विधि चयन गर्दा मुख्यरुपमा विद्यार्थीको पुर्व ज्ञान, रुचि,क्षमता , चाहना , उनीहरुको तहगत स्तर, विषय बस्तुको स्वरुप लगाएत उपलब्ध हुनसक्ने स्रोतसाधन , वातावरणिय अवस्था, शिक्षकको रुचि तथा तयारीलाई इत्यादिलाई विचार गर्नु पर्छ ।

आधारभुत तह कक्षा १-५ को यो स्थानिय पाठ्यक्रम स्थानिय विषय बस्तु गाउ/ठाउ सहरी /वरिपरि बाटो/माटो  भेषभुषा भाषा पेशा ब्यवसाय समेतेर वनाईएको हुनाले केन्द्रिय पाठ्यक्रममा विभिन्न विषय बस्तु संग अन्तर सम्बन्ध स्थापना गरि विद्यार्थीहरुलाई जिज्ञासु उत्प्रेरित खोजमा तथा अनुसन्धानमा तल्लिन वनाई सिर्जनसिलताको विकास गर्ने, सिकाईलाई ब्यवहारमा प्रयोग गर्ने क्षमताको विकास गर्ने र आफ्ना सिकाई अनुभवको विकास गरि संगठित ज्ञान हासिल गर्न सहयोग पुग्ने खालका सिकाई क्रियालपापमा जोड दिनुपर्छ । यसका लागि गरिने सिकाई सहजिकरण प्रकृयामा विद्यार्थी सकृय भई सिकाई कार्यमा सरिक हुने र स्थानीय वातावरणीय परिवेश संग अन्तरकृया गरेर सिक्न प्रोत्साहन गर्ने क्रियाकलापलाई प्राथमिकता दिनु पर्दछ ।विद्यार्थीले कुनै सिकाई क्रियाकलाप पूरा गरेपछि देखाउन वा अनुभव गर्न सकिने  उपलब्धि प्राप्त हुने गरी सिकाइ प्रकृया र सिकाई क्रियाकलाप संचालन गर्नु पर्दछ ।

सिकारुको सर्वाङ्गीण विकास गर्ने उदेश्यवाट दुई वा दुई भन्दा वढी अन्तरसम्बन्धित विषय विच सहसम्बन्ध स्थापित गर्दै सिकारुले हाशिल गर्नु गर्ने सिकाइ उपलब्धि एवम् सक्षमतालाई केन्द्रमा राखि एकिकृत सिकाइ क्रियाकलाप सन्चालन गर्नु पर्छ । सिकाइका क्रममा विद्यार्थीहरुको सिकाइ सक्रियतालाइ विशेष ध्यान दिदै सैद्धान्तिक ज्ञान तथा सीपलाइ व्यावहारिक जीवन संग आबद्ध गर्नुपर्छ । सिकाइलाई वृहत विषयवस्तुमा केन्द्रित गराउने उदेश्यले दुई वा दुई भन्दा वढी विषय वस्तुहरुका  सान्दर्भिक पक्षहरुलाई अर्थपुर्ण तरिकाले अन्तरसम्बन्धित गरि एकिकृत पाठ्यक्रम निर्माण गर्ने पर्यास भएकोले विभिन्न विषय क्षेत्रका सिकाई सक्षमतालाई सरल वाट  जतिलतिर (Simple to Complex )को क्रममा सिकारुले सो गतिमा सिक्नपाउने अवसर सिर्जना गरि सिकाइ व्यवस्थापन गर्नुपर्छ । विशिष्टिकृत विषय क्षेत्रहरुलाई पनि यथासम्भव अन्तर सम्वन्धित हुने गरि सिकारुको पुर्वज्ञान अनुभव संग समेत स्थापित गरि सिकाई प्रकृया संन्चालन गर्नुपर्छ।

प्रारम्भिक कक्षाहरुमा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोडदिई कक्षालाई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन  शिक्षकले सहजकर्ताको भुमिका निर्वाह गर्नु पर्नेछ । विद्यार्थी केन्द्रित सिकाई क्रियाकलापबाट सिकाई प्रभावकारी हुने, बिषयबस्तुलाई  अन्तरसम्बन्धित गर्न सहज हुने , वालबालिकाहरुले ब्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरुको प्रतिभा प्रस्फुटन सहज हुने भएकोले सिकाइ सहजीकरण क्रियाकलाप संचालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनु पर्छ ।

## १३. सिकाइ सहजीकरण प्रकृयाकालागी केही मार्गदर्शन

कक्षा १-५ सम्मको सिकाइ सहजीकरण देहाय बमोजिम  सञ्चालन गर्नु पर्नेछ ।

- बालवालिकाको  ब्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रुपले सिक्ने मौका प्रदान गर्ने किसिमले कक्षा संचालन गर्नु पर्ने छ ।
- विविधतालाई ध्यानमा राखेर बालवालिकाको सिकाईलाई प्रोत्साहन गर्नुपर्छ । खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रब्यदृश्य सामाग्रीको प्रदर्शन मार्फत सिकाई कृयाकलाप सिकाइ क्रियाकलाप संचालन गर्नुपर्नेछ । यसका अतिरिक्त अवलोकन समुह कार्य परियोजना कार्य छलफल जस्ता विधिहरुका माध्यमबाट बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिनु पर्छ ।
- सिकाइ सहजीकरण प्रकृया संचालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाईमा जोड दिनुपर्छ ।

- विद्यार्थीको सिकाइलाइ केन्द्रविन्दु मानि सिकाइ सहजिकरण कृयाकलाप संचालन गर्नु पर्ने छ। विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण समस्या समाधान खोजमुलक अध्ययन प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिकोरुपमा कार्यान्नवय गर्नु पर्छ।
- सिकाइ प्रकृया शैद्धान्तिक पक्ष भन्दा वढी गरेर सिक्ने अवसर प्राप्त गर्ने कृयाकलापमा आधारित हुनुपर्ने छ। शिक्षकले सहजकर्ता, उत्प्रेरक,प्रबर्धक, र खोजकर्ताको रुपमा भुमिका निर्वाह गर्नु पर्ने छ।
- पठनपाठनमा सुचना तथा संचार प्रविधिलाई उपलब्ध साधन स्रोत र आवश्यकताअनुसार उपयोग गर्नु पर्नेछ ।
- सवैप्रकारका सिकाइ चाहना र आवश्यकता भएका (अपाङ्गता, अशक्त,असहाय,कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रकृया अपनाउनु पर्ने छ।भाषिक कठिनाका कारण सिकाइमा बाधा नहुने सुनिश्चत गर्न यथासम्भव बालबालिकाको मातृभाषा,घरमा बोलिने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सकृय सहभागी हुने वातावरण तयार गर्नु पर्ने छ ।
- सिकाइ कृयाकलापमा शिक्षक र सिकारु तथा सिकारु र सिकारु विचको अन्तरकृया, समुह सिकाइ , सिकाइकालागी मुल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक - समुदाय सहकार्य जस्ता सहकार्यालाइ बढावा दिनुपर्नेछ ।
- सिकाइ र दैनिक जीवनसग विषयवस्तुको तालमेल,पुर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास , ब्यवहारकुशल सिप र सिकाइ बिचको सहसम्बन्ध हुने गरी जिवन्त अनुभवसंगको तादाम्यता कायम गर्नु पर्नेछ ।
- बालकेन्द्रित, सिकाइ केन्द्रित, अनुभव केन्द्रित, उदेश्यमुलक र विविधतामा आधारित सिकाइ सहजीकरण विधिको प्रयोग(परियोजना कार्य,घटना अध्ययन, खोज अनुसन्धानमा आधारित शिक्षण,सहपाठी सिकाइ आदि)गरी सकृय सिकाइ सहजीकरण विधिको प्रयोग गर्नु पर्नेछ ।
- सिकाइ सहजिकरण क्रियालापमा सिकारुको सिकाइ अनुगमन, विद्यालय तथा परीवारमा सहज सिकाइ वातावरण विकास , पुर्वज्ञानमा आधारित विषयबस्तुको छनोट,समुदाय परिचालन जस्ता कार्यवाट विद्यालय समुदायको सम्बन्ध जोड्नु पर्ने छ।
- सिकारुको रुचि र सिकाइ गति एवम् सिकारुको सकृय सहभागितामा सिकाइ क्रियाकलाप चयन र कार्यान्वयन गर्दै स्वस्फुर्त सिकाइमा जोड दिनु पर्नेछ ।
- शिक्षक विद्यालय तथा विद्यार्थीलाई सिकाइ सहजिकरण क्रियाकलाप चयन, सञ्चालनर मुल्याङ्कनमा आवश्यक सहयोग , निरन्तर पेशागत छलफल, सहकार्य र अनुभव आदान प्रदान गर्दै पाठ्यक्रमको मर्मअनुरु कार्यन्वयनका लागि सहयोगमा प्राथमिकता दिनुपर्नेछ ।
- सिकाइलाई दैनिक जीवनपद्धति सँग आवद्धता गर्दै ब्यवहारकुशल सिप हासिल गर्न सिकाइको खण्डिकरण हुन नदिइ एकविषय क्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी एकिकृत सिकाइमा जोड दिनुपर्नेछ।

- एकिकृत  पाठ्यक्रमले सिकाइका लागी सरलवाट जटिलतिरको स्पष्ट मार्ग निर्देशन गर्छ। सरल विषयक्षेत्रवाट क्रमशःजटिल विषय क्षेत्रमा प्रवेश गर्दैजान मार्गप्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गति वमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिनुपर्ने छ।

१४. सिकाइ सहजीकरण विधि तथा प्रकृयाको छनोट गर्दा ध्यानदिनु पर्ने पक्षहरु

१.सक्षमता र सिकाइ उपलब्धिहरु

२.विषय बस्तुको स्वरुप

३. बालमनोविज्ञान

४. स्रोत साधनको उपलब्धता

५.विद्यालयको बातावरण र शिक्षण सिकाइ परिस्थिति

६. समय र विद्यार्थी संख्या

७. शिक्षकको योग्यता, क्षमता र रुची

१५. विद्यार्थी केन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुर्याउने सम्भाब्य केहि शिक्षण सिकाइ विधिहरुः

१ सिर्जनात्मक कार्य

२ खेल विधि

३ प्रयोगात्मक विधि

४ कथाकथन एवम् गीत

५ आगमन विधि

६ अभिनय/ भुमिका निर्वाह विधि

७ सहयोगात्मक कक्षा

८ छलफल

९ प्रश्नोतर

१० अन्वेषन , अनुसन्धान तथा खोज विधि

११ समस्या समाधान विधि

१२ प्रविधियुक्त कक्षा

१३ निर्माणात्मक कक्षा

१४  क्षेत्र भ्रमण विधि

१५ प्रदर्शन विधि

१६ स्वाध्ययन तथा छलफल

१७ अन्तरक्रिया

१८ उदाहरण र प्रयोग

१९ श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण

१६.विद्यार्थी मूल्याङ्कन

आधारभूत तहको कक्षा १-३ मा औपचारिक प्रकृतिको आवधिक परीक्षा सञ्चालन गरी विद्यार्थीको सिकाइको मूल्याङ्कन अर्थात निर्णयात्मक प्रयोजनको परम्परागत पद्दतिको मूल्याङ्कनले बालवालिकालाई सिकाइका लागि प्रोत्साहन गर्ने र सिकाइका सहयोग गर्ने कार्यमा योगदान गर्न सक्दैन भन्ने कुरालाई आत्मसात गरीएको छ । यस सन्दर्भमा विद्यार्थी मूल्याङ्कनले उनीहरुलाई सिकाइका लागि प्रोत्साहन गर्नुका साथै सिकाइसुधारका लागी मार्गप्रशस्त गर्नु पर्दछ । भन्ने दृष्टिकोणमा आधारित भई कक्षाकोठामा आधारित मूल्याङ्कनका प्रकृया रणनिति तथा साधानहरु प्रयोग गर्नु आवश्यक छ। कक्षाकोठामा आधारीत मूल्याङ्कनका लागि विभिन्न किसिमका साधानहरु प्रयोग गरेर विद्यार्थीको सिकाइको निरन्तर लेखाजोखा गरी शिक्षण सिकाइ प्रकृयाको अभिन्न अंङ्गका रुपमा अभ्यास गरी सिकाइ सुधारमा उपयोग गरीन्छ । कक्षा कक्षा ४-५ मा मुल्यांकन पाठ्यक्रम प्रारुपमा तोकिएवमोजिम हुनेछ ।

कक्षाकोठामा आधारीत यस्तो मूल्याङ्कनको अभिलेखालाइ सञ्चित गरी आवश्यकताअनुसार सिकाइको मुल्याङ्कनका रुपमा अर्थात विद्यार्थिको सिकाइस्तर पहिचान गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिने हुन्छ । यसरी निर्मानात्मक उदेश्यले गरिने कक्षाकोठामा आधारित मूल्याङ्कनको अभिलेखलाई निर्णयात्मक प्रयोजनमा पनि प्रयोग गर्न सकिने भएकोले यस्तो मूल्याङ्कन पद्दतिलाई निरन्तर मूल्याङ्कन पद्दति पनि भन्ने गरिन्छ । आधारभूत तहको कक्षा १-३ मा गरिने विद्यार्थी मूल्याङ्कनको मुख्य उदेश्य सिकाइ सुधार गर्ने निर्माणात्मक हुने भए पनि आवश्यकताअनुसार यसको अभिलेख व्यवस्थित गरी समग्र सिकाइस्तर निर्धारण गर्ने प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

आधारभुत तह कक्षा १-३ को एकिकृत संरचनाको पाठ्यक्रम अनुसार चारवटा विषय क्षेत्र नेपाली, गणित, हाम्रो सेरोफेरो र अंग्रेजी भाषा विद्यार्थी मूल्याङ्कन लागी प्रयोग गरिने विधि प्रकृया र साधन पहिचान गरि यस मार्गदर्शनमा अपेक्षित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मुल्याङ्कन तथा सुधारात्मक सिकाइको अभिलेखिकरण गर्ने तरिका र अभिलेखन साधन समेत समावेश गरिएको छ ।यसैका आधारमा यस स्थानीय पाठ्यक्रममा विद्यार्थीको आवश्यक मुल्याङ्कनका लागी आवश्यक साधन तथा प्रकृयाको विकास गरि अभिलेखन गर्न सकिने छ ।

१६. विद्यार्थी मूल्याङ्कका सम्भाब्य तरिका तथा साधनहरु

| क्र.स. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन | कैफियत |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रुजुसुची,रुव्रिक्स , श्रेणी मापन ,मौखिक प्रश्न, फाराम, घटना वर्णनआदि | |
| २ | प्रयोगात्मक कार्य | अवलोकन, रुजुसुची,रुव्रिक्स , श्रेणी मापन ,मौखिक प्रश्न, | |
| ३ | मौखिक कार्य | प्रश्न, चित्र, पठनसामग्री, सन्दर्भ, घटना, श्रब्य तथा दृश्य सामाग्री | |
| ४ | लिखित कार्य | प्रश्न छोटा परीक्षा घटनासन्दर्भ, घटना, श्रब्य तथा दृश्य सामाग्री | |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन रुजुसुची श्रेणी मापन मौखिक प्रश्न | |
| ६ | सहपाठी मूल्याङ्कन | सहपाठी मूल्याङ्कन , अवलोकन, रुजुसुची | |
| ७ | स्वमूल्याङ्कन | रुजुसुची, श्रेणी मापन | |

| | | | |
|---|---|---|---|
| ८ | अविभावकको प्रतिक्रिया | अवलोकन फाराम, रुजूसूची, श्रेणी मापन | |
| ९ | कुराकानी छलफल | रुजूसूची, अवलोकन ,श्रेणी मापन | |

माथि उल्लिखित मूल्याङ्कन तरिका तथा साधन मध्ये उपयुक्त तरिका तथा साधनको प्रयोग गरि प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धि परिक्षण गरेर उपलब्धि स्तरलाई निम्नअनुसार रेटिङ गर्नुपर्दछ।

१७.विद्यार्थी उपलब्धि स्तर र त्यसको सामान्य ब्याख्या

| उपलब्धि स्तर | मापन | उपलब्धिस्तरको सामान्य ब्याख्या |
|---|---|---|
| कमजोर(below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सवैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य(basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो(proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धैरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च(Advance) | ४ | मुख्य सिकाइ उपलब्धि हासिलभइ माथिल्लोस्तरको उपलब्धि समेत हासिल गरेको |

**१८.** विद्यार्थी मूल्याङ्कन

स्थानीय विषयको पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मूख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो ।सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रकृयाको अभिन्न अङ्गको रुपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिकाको प्रयोग गर्नु पर्दछ ।

सिकाइका लागि विद्यार्थी मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको गरे नगरेको लेखाजोखा गर्नु पर्दछ र सिकाइ उपलब्धि हासिल गरेको अबस्थाअनुसार विद्यार्थीको सिकाइमा सहयोग गर्नु पर्दछ । विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कनका लागि विद्यार्थीको कार्य तथा समस्यमा समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोतर, कक्षा, एकाइ तथा त्रैमासिक परीक्षा, ब्यवहार अवलोकन गर्न सकिन्छ । यसका

लागि ब्यवहार अवलोकन फाराम,विभिन्न क्षमताका सिकाइ मापन गर्ने प्रश्नहरु ब्यावहारिक समस्यालगाएतका कक्षा सहभागिता , कक्षा कार्य, गृहकार्य, परियोजनाकार्य , प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिको विषयमा शिक्षकको अभिलेख आदि साधनहरु प्रयोग गर्न सकिन्छ । यस्तो मुल्याङ्कन विषयबस्तुको प्रत्येक क्षेत्र वा एकाइ अन्तरगतका मुख्य सिकाइ उपलब्धिमा विभिन्न साधनहरुको प्रयोग गरि विद्यार्थीको सिकाइ स्तर परिक्षण गर्न सकिन्छ । यसरी सिकाइ उपलब्धि परिक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल नगरेको पाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरि गर्नु पर्दछ ।पटकपटको सुधारात्मक सिकाइ पश्चातपनि न्युनतम सिकाइ स्तर हासिल गर्न नसेक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइ योजना निर्माण गरि त्यस्ता विद्यार्थीहरुलाइ सहयोग गर्नु पर्दछ ।

स्थानीय पाठ्यक्रमले निर्धारित सिकाइ सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नको लागि आन्तरिक मूल्याङ्कन (निर्माणात्मक मूल्याङ्कन) र निर्णयात्मक मूल्याङ्कन प्रयोगमा जोड दिएको छ । यसको लागि आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत र अन्तिम परीक्षाबाट बाकी ५० प्रतिशत समावेश गरिने छ । आन्तरिक मूल्याङ्कनको ५० भारलाई समेत निर्णयात्मक मूल्याङ्कनमा समावेश गरी विद्यार्थीको समग्र मूल्याङ्कनलाई १०० प्रतिशतमा गर्नु पर्ने प्रावधान राखिएको छ ।

(क) आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चिचभार आन्तरिक मूल्याङ्कनका रुपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखिकरण गरी प्रत्येक विद्यार्थीको कार्य सञ्चियिका (Portfolio) ब्यवस्थित गरि राख्नु पर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भार अङ्क आन्तरिक मूल्याङ्कनको रुपमा समावेश गरिने छ ।

| सि.न. | मूल्याङ्कनका पक्ष | भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता: नियमितता र सिकाइ सहभागिता | ४ | सहभागिता अन्तरगत हाजिरी, कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूहकार्य लगाएतका अन्य पक्ष रहने छन्। |
| २ | प्रयोगात्मक परियोजना कार्य | ३६ | कक्षागतरुपमा प्रयोगात्मक र परियोजना कार्य संचालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखिकरण प्रस्तुतीकरण, कार्यमा |

| | | | |
|---|---|---|---|
| | | | लगनशिलता, समुहकार्यमा संग्लनता सहयोगको आदानप्रदान , अन्तरबार्ता लगाएतका पक्षहरु समावेश गरि मूल्याङ्न गर्नुपर्ने छ । |
| ३ | त्रैमासिक परीक्षा (पहिलो त्रैमासिक | १० | पहिलो त्रैमासिकको लागि ५ अंकभार र अर्धबार्षिक परीक्षाको लागि ५ अंकभार हुने छ । |
| जम्मा | | ५० | |

( ख) अन्तिम मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सवै पाठहरुबाट समेटिएको हुनु पर्ने छ । यस विषयको परीक्षमा विशेष गरेर ज्ञान र बोध , प्रयोग र उच्च दक्षतामा आधारित प्रश्नहरु हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिअनुरुप विद्यार्थीले ज्ञान सीप अभिवृति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणिकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्न लिखित विशिष्टिकरण तालिका अनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । यहा कक्षा ५ को विशिष्टिकरण तालिका बनाइएको छ। यसलाई आधार लिई स्थानीय विषयको अध्यापन गर्ने शिक्षकले शिक्षकले कक्षा ४ को विशिष्टिकरण तालिका वनाइ प्रयोग गर्न सक्नेछन् ।

## विशिष्टिकरण तालिका

प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न ज्ञान बोध र प्रयोग तथा उच्च तहका प्रश्न (विश्लेषण मूल्याङ्कन र सिर्जना) सवै तहका प्रश्नहरु र सवै एकाईको पाठ्यघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ । बहुबैकल्पिक प्रश्न १ अंक छोटो प्रश्न २ अंक र लामो प्रश्न ४ अंकका दरले सोध्नु पर्दछ ।

**१९.पाठ्यक्रम  परिक्षण तथा कार्यान्वयन योजना**

| कक्षा | शैक्षिक बर्ष र परीक्षण तथा कार्यान्वय बर्ष | | | |
|---|---|---|---|---|
| | शैक्षिक बर्ष २०८१ | शैक्षिक बर्ष २०८२ | शैक्षिक बर्ष २०८२ | शैक्षिक बर्ष २०८३ |
| १ | परीक्षण | कार्यान्वयन | कक्षा (५-८) को पाठ्यक्रम परीक्षण | कक्षा (१-८) को पाठ्यक्रम कार्यन्वयन |
| २ | परीक्षण | कार्यान्यवन | | |
| ३ | परीक्षण | कार्यान्वयन | | |
| ४ | परीक्षण | कार्यान्यवन | | |
| ५ | परीक्षण | कार्यान्वयन | | |

**२०.पाठ्यक्रम सुधार, परिमार्जन र मुल्याङ्कन**

पाठ्यक्रम एक गतिशिल दस्तावेज तथा प्रकृया हो । विकास गरिएको  पाठ्यक्रमको  परिक्षण तथा कार्यान्वयन भए पछि प्राप्त हुने पृष्ठपोषणका आधारमा सुधार तथा परिमार्जन कार्य निरन्तर हुने गर्दछ । स्थानीय पाठ्क्रमको विकास स्थानीय स्तरमा रहेका सामाजिक मूल्य मान्यता, मातृभाषा,पेशा ब्यवसाय, प्राकृतिक अवस्था तथा बर्तमान सन्दर्भलाई विश्लेषण गरेर सोही अनुरुप गरिएको छ । यस्ता सन्दर्भमा आएका परिवर्तनले स्वभाविक रुपमा  पाठ्यक्रम परिमार्जनको आधार सिर्जना गर्दछन।

अनुसूचीहरु

क) पाठ्यक्रम निर्माण कार्यदलका सदस्यहरुको विवरण

ख) विषयक्षेत्र अन्तर्गतका संयोजकहरुको विवरण

# विशिष्टीकरण तालिका

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाइ | विधा र क्षेत्र | पाठ्य घण्टा | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अंकभार | | | जम्मा अंक |
| | | | बहु वैकल्पिक | छोटो | लामो | बहु वैकल्पिक | छोटो | लामो | बहु वैकल्लपिक | छोटो | लामो | बहु वैकल्लपिक | छोटो | लामो | बहु वैकल्लपिक | छोटो | लामो | बहु वैकल्लपिक | छोटो | लामो | |
| १ | हाम्रो स्वगद्धारी नगरपालिका | १२ | | | | १ | | | | | | | | | १ | १ | १ | १ | २ | ४ | ७ |
| २ | हाम्रो स्वगद्धारी | १५ | १ | | | | | | | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ३ | शाम्रो समाज र संस्कृती | १५ | | | | १ | | | | | | | | | १ | १ | | १ | २ | | ३ |
| ४ | मानव मुल्य र शिक्षा | १० | | | | | | | १ | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ५ | स्वास्थ्य पोषण र सरसफाइ | १० | | | | | | | १ | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ६ | परम्परागत स्थानीय सीप र प्रविधि | १५ | १ | | | | | | | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ७ | हाम्रा आर्थिक क्रियाकलापहरु | १५ | | | | १ | | | | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ८ | हाम्रा एतिहासिक सांस्कृतिक र पर्यटकिय सम्पदाहरु | १० | | | | १ | | | | | | | | | १ | १ | | १ | २ | | ३ |
| ९ | यातायात तथा भौतिक पूर्वाधार | १४ | | | | १ | | | | | | | | | १ | १ | १ | १ | २ | ४ | ७ |
| १० | हाम्रा शिक्षालय | १० | | | | | | | १ | | | | | | १ | | १ | १ | | ४ | ५ |
| ११ | विपद् जोखिम न्यूनिकरण तथा | | | | | | | | १ | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | १२८ | | | | | | | | | | | | | १० | ५ | ६ | १० | ८ | ३२ | ५० |

तपाइका कुनै सल्लाह भए कृपया उपलब्ध गराउनुहोला ।